# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः मितिः २०७५।१२।

श्री प्रमुखज्यू,
घरपझोङ्ग गाउँपालिका,
जोमसोम, मुस्ताङ्ग ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानुन तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानुनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२५ लाख ९८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२५ लाख १ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु.९७ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।.... मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना २० (बिस) यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# घरपभोङ्ग गाउँपालिका, मुस्ताङ
# लेखापरीक्षण प्रतिवेदन
# २०७४/७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउँपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। गण्डकी प्रदेशमा अवस्थित यस गाउँपालिका अन्तर्गत ५ वडा, २४ गाउँ सभा सदस्य, ३१९.७७ वर्ग कि.मी.क्षेत्रफल र ३१८४ जनसंख्या रहेको छ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४/७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| आय | | | | व्यय | | |
|---|---|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित | | वास्तविक आय | शीर्षक | कायम वजेट | निकासा |
| संघीय सरकार | | १६४२५४०००।०० | १८३८२८०००।०० | संघीय सरकार | १७१९६९६६१।४३ | १७१९६९६६१।४३ |
| *वित्तीय समनीकरण अनुदान* | १००००००००।० | | १००००००००।०० | *वित्तीय समनीकरण अनुदान* | १००००००००।०० | १००००००००।०० |
| *स:शर्त अनुदान* | ६४२५४०००।०० | | ७४३७९०००।०० | *स:शर्त अनुदान* | ६३८७६४८५।४३ | ६३८७६४८५।४३ |
| कृषि | ३२०००००।०० | | ३०४००००।०० | कृषि | ३०३२१०।०० | ३०३२१०।०० |
| शिक्षा | ३५००३०००।०० | | ४४१४६०००।०० | शिक्षा | ४२९६८७३६।६३ | ४२९६८७३६।६३ |
| स्वास्थ्य | २८९३१०००।०० | | २९९२९०००।०० | स्वास्थ्य | २०६०४५३८।८० | २०६०४५३८।८० |
| सामाजिक सुरक्षा भत्ता | | | ७५०१०००।०० | सामाजिक सुरक्षा भत्ता | ६८५६०००।०० | ६८५६०००।०० |
| पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना | | | ८३४०००।०० | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना | २०१४९०।०० | २०१४९०।०० |
| स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | | | १०६००००।०० | स्थानीय शासन तथासामुदायिक विकास कार्यक्रम | ९८१६८६।०० | ९८१६८६।०० |
| झोलुङ्गे पुल संरक्षक पारिश्रमिक | | | ५४०००।०० | झोलुङ्गे पुलसंरक्षक पा | ५४०००।०० | ५४०००।०० |
| ***राजस्व बाँडफाँड*** | | ६६००००००।०० | | राजश्व ***बाँडफाँड***बाकि मौज्दात आन्तरीक श्रोत | १०६५६३४७९२ | १०६५६३४७९२ |
| जलश्रोतरोयल्टी | ३००००००।०० | | ०।०० | अन्य बांकी | | |
| पर्वतारोहणरोयल्टी | ३६००००००।०० | | ०।०० | अन्य बांकी VWACC | ३०००।०० | ३०००।०० |
| ***आन्तरीक श्रोत*** | | ५२७७०००।०० | ४०४३९१३।०० | मध्यस्थ फण्ड जोमसोम | २१९२२८।०० | २१९२२८।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| व्यक्तिगत सम्पत्तीमा लाग्ने वार्षिक कर | १६५०००।०० | | ६७०००।०० | मध्यस्थ फण्ड मार्फा | २१८५८०।०० | २१८५८०।०० |
| भूमिकर,मालपोत | ५००००।०० | | २८८४७७।०० | स्थानिय दैविप्रकोप ऊद्दार कोष | ३३०००।०० | ३३०००।०० |
| घरबहाल कर | १२४४०००।०० | | ९९५६६६।०० | कृषि तथा वातावरण समिति | ३१६०।०० | ३१६०।०० |
| सवारी साधन कर -सवारी दर्ता,वार्षिक,सवारी कर तथा पटके सावारी कर | ३५००००।०० | | १११०००।०० | धरौटी | ८९८३४।०० | ३६१०००।०० |
| विज्ञापन कर | ५००००।०० | | ०।०० | | | |
| अन्य मनोरञ्जन कर | ४५०००।०० | | ०।०० | | | |
| व्यवसाय रजिष्टेशन दस्तुर | ११८५०००।०० | | १४४६१३२।०० | | | |
| कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | ४६००००।०० | | ३७००३०।०० | | | |
| अन्य कर | २५५०००।०० | | ४७९८९०।०० | | | |
| सरकारी सम्पत्तिको विक्रीवाट प्राप्त रकम | २५००।०० | | ०।०० | | | |
| अन्य सेवा शुल्क तथा विक्री | ३३५०००।०० | | ३४६१०।०० | | | |
| अन्य प्रशासनिक आय | १०००००।०० | | ०।०० | | | |
| पार्किङ शुल्क | २०००००।०० | | १८५५००।०० | | | |
| नक्सापास दस्तुर | १५००००।०० | | ०।०० | | | |
| सिफारीस दस्तुर | ५००००।०० | | ६५६०८।०० | | | |
| प्रशासनिक दण्ड जरीवाना र जफत | ३०५००।०० | | | | | |
| **गत वर्षको नगद मौज्दात** | ६०५०००।०० | ४८०००००।०० | ६६४१५२१।९२ | | | |
| अन्य बांकी VWACC | | | ३०००।०० | | | |
| मध्यस्थ फण्ड जोमसोम | | | २१९२२८।०० | | | |
| मध्यस्थ फण्ड मार्फा | | | २१८५८०।८८ | | | |
| स्थानीय दैवी प्रकोप ऊद्दार कोष | | | ३३०००।०० | | | |
| कृषि तथावातावरण समिति | | | ३१६०।०० | | | |
| धरौटी गाबिस | | | ५८५००।०० | | | |
| धरौटी गा. पा. | | | ८९८३४।०० | | | |
| **जम्मा** | | **१८०९३१०००।००** | **१९५१३८७३७८०** | **जम्मा** | **१८३१९२८११।३५** | **१८३४६०८१७३५** |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>विद्युतीय लेखा – अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्बन्धी पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को बूंदा नं.५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो सञ्चित कोषको हिसाब लगायत बजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यो वर्ष गाउँपालिकाले SUTRA प्रयोगमा ल्याएको देखिएन । अतः SUTRA प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>हिसाब मिलान – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ अनुसार एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा गाउँपालिकाको सञ्चित कोषमा स्वतःट्रान्सफर हुने व्यवस्था छ । कार्यालयले ग-२.२ पुजिगत खाता र ग-२.१ चालु खर्च खातामा निम्नानुसार खर्च नभई बाँकी रहेको रु. ७७००४१३.९७ मूल कोषमा फिर्ता गरेको नपाइएकोले फिर्ता गरी हिसाब मिलान गर्नुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>खाताको नाम</th><th>मौज्दात रकम</th></tr>
<tr><td>ग-२.२ पुजिगत खाता</td><td>७५३९२४४.००</td></tr>
<tr><td>ग-२.१ चालु खर्च खाता</td><td>१६११६९.९७</td></tr>
<tr><td>जम्मा</td><td>७,७००,४१३.९७</td></tr>
</table></td><td></td></tr>
<tr><td>३.</td><td>बजेट तथा कार्यक्रम तर्जुमा – स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादात्म्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार कार्य गरेको छैन । अतः तोकिएअनुरुपको प्रक्रिया मिलाई कार्यक्रम तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.</td><td>स्रोत अनुमान तथा बजेट सीमा – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार पेश गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>५.</td><td>खर्च गर्ने अख्तियारी र कार्यविधि – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाको प्रमुखबाट प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको पाइएन । अतः अख्तियारी दिई खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>स्थानीय तथ्याङ्क र अभिलेख – स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको छैन । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| ७. | **न्यायिक समितिको वार्षिक विवरण –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम गाउँपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गरेको छैन । अतः गाउँसभामा वार्षिक विवरण पेश गर्नुपर्दछ । | |
| ८. | **योजना तर्जुमा तथा कार्यान्वयन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रको विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत एवं क्षेत्रगत विषयको मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले तदनुसार मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाएको देखिएन । अतः योजना बनाई कार्यान्वयन गर्नुपर्दछ । | |
| ९. | **नक्सा पास –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्ष नक्सा पासको कार्य गरेको देखिएन । तसर्थ नक्सा पास गराई भवन निर्माण गराउनेतर्फ पहल गरिनु पर्दछ । | |
| १०. | **स्थानीय राजस्व परामर्श समिति –** स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५ बमोजिम गाउँपालिकामा राजस्व सम्बन्धी परामर्शको लागि स्थानीय राजस्व परामर्श समिति गठन गरेको देखिन्छ । ऐनको दफा ६५ को उपदफा २ मा समितिले राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, कर नीतिको सम्बन्धमा परामर्श दिने जस्ता अधिकार एवं काम, कर्तव्य तोकेको देखिन्छ । ऐनको उपर्युक्त व्यवस्था बमोजिमको काम, कर्तव्य गरेको देखिएन । अतः समितिले सो अनुरुप कार्य गर्नुपर्दछ । | |
| ११. | **स्रोत अनुमान र बजेट निर्धारण समिति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समिति, दफा ६७ मा स्रोत अनुमान र बजेट निर्धारण समिति गठन गरेको देखिन्छ । त्यस्तै ऐनको दफा ६६(३) मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम कर्तव्य तोकिएको भए तापनि समिति गठन पश्चात ती समितिहरुले ऐनमा भएको व्यवस्था अनुसार कार्य गरेको देखिएन । अतः समितिहरुले ऐनको व्यवस्था अनुरुप कार्य गर्नुपर्ने देखिन्छ । | |
| १२. | **चौमासिक प्रगति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेमा पेश गरेको देखिएन । | |
| १३. | **स्रोत नक्साङ्कन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन । | |
| १४. | **बक्यौता रकम असुली –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । गाउँपालिकाले गत विगत वर्ष देखिको वक्यौता असुली विवरण नराखेकोले सो स्थिति यकिन गर्न सकिएन । बक्यौता हिसाव राखि अद्यावधिक गर्नुपर्दछ । | |
| १५. | **आन्तरिक नियन्त्रण प्रणाली –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनवमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली | |

तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

- पुराना मालसमानको मूल्य नखुलेको, (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(४)
- जिन्सी मालसमानको लिलाम/मर्मत नभएको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३)
- पेश्की समयमा फछ्र्यौट नगरेको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३)
- उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(२))
- वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८)
- सवारी साधनको लगबुक नराखेको (आर्थिक कार्यविधी नियमावली, २०६४ को ३६(३))
- शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगराई तलब भत्ता खर्च लेखेको ।

कानुनको परिपालना पूर्णरुपमा नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्वारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

१६. **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार संचालन ऐन २०७४ दफा ७७ (२) अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय तथा व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले आफ्नो वार्षिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्ष अन्तमा एक पटक मात्र गरेको छ । आन्तरिक लेखापरीक्षणबाट आय तथा व्यय र त्यसको लेखाकंन प्रचलित कानुनद्वारा निर्धारित प्रक्रिया अनुरुप गरे वा नगरेको वित्तीय साधनको उपयोग मितव्ययी तवरले दक्षतापूर्वक प्रभावकारी रुपमा भए वा नभएको, स्वीकृत वार्षिक कार्यक्रम अनुरुप लक्ष्य प्राप्ति गरे वा नगरेको वित्तीय प्रतिवेदनले आर्थिक कारोबारको सही यर्थाथ चित्रण प्रस्तुत गरे वा नगरेको र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी भए वा नभएको जस्ता विषयमा जानकारी हुने कानुनमा भएको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराउनु पर्दछ । कार्यालयले आन्तरिक लेखापरीक्षणका लागि जनशक्ति तथा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था गरी प्रभावकारी रुपमा आन्तरिक लेखापरीक्षणको माध्यमबाट आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो बनाउनु पर्ने देखिन्छ ।

१७. **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन ।

१८. **आय र व्ययको यथार्थता :** नेपालको संविधानको धारा २३० बमोजिम संविधानको अधीनमा रही गाउँ कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुन बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले कार्यालयको बजेट प्रक्षेपण गर्दा वास्तविक आम्दानी तथा खर्चसँग मेल खानेगरी तर्जुमा गर्नुपर्नेमा बजेट प्रक्षेपण र वास्तविकतामा निम्नानुसार फरक परेको देखिन्छ । गाउँपालिकाले बजेट प्रक्षेपण गर्दा यथार्थ आय र व्ययसँग मिल्ने गरी प्रक्षेपण गर्न ध्यान दिनुपर्दछ ।

| सि.नं. | व्यहोरा | बजेट प्रक्षेपण | यथार्थ रकम | फरक रकम | फरक प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आन्तरिक कर तथा आय | ५२७७०००।०० | ४०४३९१३।०० | १२३३०८७ | २३.३७ |
| २. | संघीय सरकार अनुदान | १६४२५४०००।०० | १८३८२८०००।०० | -१९५७४००० | -११.९२ |
| ३. | राजश्व बाडफाँड | ६६०००००।०० | ०।०० | ६६००००० | १००.०० |

१९. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ६.३ गाँउपालिका कायम हुँदा सो भित्र गाभिएका साविकको गाँउ विकास समिति त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा खभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वत हस्तान्तरण भई सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ भाद्र मसान्तभित्र गाउँपालिकाले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिका अर्न्तगत साविकका गा.वि.स.हरु जोमसोम र मार्फाबाट घर जग्गाको लगत तथा जिन्सी सामाग्री गाउँपालिकाले प्राप्त गरेको वा हस्तान्तरण भै आएको देखिएन ।साविकका गा.वि.स.मा रहेको सम्पत्ति एवं जिन्सी खोजी गरी गाउँपालिकाको सम्पत्ति अद्यावधिक गरी प्रतिवेदन सार्वजनिक गर्नु पर्दछ ।

२०. **विविध कोष सञ्चालन र परिचालन :** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिकको दफा ५.९ ले ग-५ समूहको विशेष कोष खाता गाउँपालिकाले खोल्न सक्ने व्यवस्था छ । साथै विशेष कोष खाताहरुको कोष परिचालनलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने व्यवस्था छ । गाउँपालिका अर्न्तगत देहाय बमोजिमको विशेष कोष रहेका छन् । कार्यविधि अभावले विशेष कोषमा रहेको रकम उपयोग नभएको देखियो । तसर्थ कार्यविधि बनाई विशेष कोषहरुतोकिएको प्रयोजनमा खर्च गर्नु पर्ने देखिन्छ ।

| सि.नं. | कोषको नाम | सम्बद्ध कानुन | मौज्दात रकम |
|---|---|---|---|
| १. | विपद व्यवस्थापन कोष | कार्यविधि नभएको | ५०००००.०० |
| २. | छात्रवृत्ति कोष | छात्रवृत्ति कार्यविधि | ६५१०००.०० |
| ३. | जेष्ठ नागरिक एकल महिला लगायत स्वास्थ्य उपचार, विपन्न विरामी सहायता र औषधी व्यवस्थापन कोष | कार्यविधि नभएको | ६५१०००.०० |
| ४. | मर्मत संभार कोष | कार्यविधि नभएको | ६०००००.०० |
| ५. | महिला वालवालिका अपाङ उद्धार कोष | कार्यविधि नभएको | २०००००.०० |
| ६. | आकस्मिक कोष | कार्यविधि नभएको | ५०००००.०० |
| ७. | वाताबरण व्यवस्थापन कोष | कार्यविधि नभएको | ३०००००.०० |
| | **जम्मा** | | **३,४०२,०००.००** |

२१. **सेवा प्रवाह –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिश १०० वटा, नाता प्रमाणित ९० वटा र पञ्जीकरण दर्ता १५० वटालाई सिफारिस तथा दर्ता गरेको देखियो । गाउँपालिकाले उक्त कार्य मात्र गरेको देखिएकोले ऐन बमोजिम तोकिएको अन्य कार्य समेत गरी सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

२२. **दरबन्दी तथा पदपूर्ति स्थिति–** स्थानीय सरकार सञ्चालन ऐन तथा सेवा प्रवाहको लागि कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम कर्मचारी समयोजन नभएसम्म कर्मचारीको व्यवस्था गर्न र सेवा प्रवाहको लागि सरकारी सेवाका कर्मचारीलाई कामकाजमा खटाउनको लागि तथा गाउँपालिकको कार्य जिम्मेवारिमा परेका विषयमा नेपाल सरकारका निकायमा सम्पत्ति, दायित्व समेत गाउँपालिकामा हस्तान्तरण गर्न नेपाल सरकार मन्त्री परिषद्को मिति २०७४।१२।१८ निर्णयबाट स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था २०७४ स्वीकृत भएको छ । गाउँपालिकामा २७ अस्थायी दरबन्दी स्वीकृत भएकोमा हाल एक जना प्रमुख प्रशासकीय अधिकृत, एक इन्जिनियर, एक नायब सुब्बा, एक कम्प्युटर अपरेटर र लेखापालको मात्र पदपूर्ति भएको छ । यस गाउँपालिका अर्न्तगत ५ वाट वडा रहेकोमा वडा सचिवको कामसमेत कृषि तथा भेटनरी र कम्प्युटर अपरेटर, जस्ता प्राविधिकबाट सञ्चालन भएको देखियो । गाउँपालिका स्थापना भएको दुई वर्ष बितिसकेको भएतापनि कर्मचारीको उचित व्यवस्था गर्न नसक्नु, कर्मचारी समायोजनमा सरकार अल्मलिँदा तथा गाउँपालिकाको कार्य जिम्मेवारीभित्र परेका विषयमा स्थानीय तहले प्रभावकारी रुपमा आफुलाई तोकेको जिम्मेवारी गर्न

| | | |
|---|---|---|
| | सक्ने अवस्था देखिँदैन । अतः सम्बन्धित निकायले गाउँपालिकाको कार्यक्षेत्र भित्रपरेका विषय र तोकिएको दरबन्दी पदपूर्ति गरी स्थानीय सेवा प्रवाह तथा विकास, निर्माणका गतिविधिलाई व्यवस्थित र प्रभावकारी बनाउन समयमै ध्यान दिनुपर्ने देखियो । | |
| २३. | **वार्षिक कार्यक्रम तथा प्रगति**–आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम २ र नियम २५ को उपनियम (१) बमोजिम कार्यालयबाट पेश भएको प्रगति विवरण पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले तोकिएको ढाँचा अनुरुप प्रत्येक कार्यक्रमको भौतिक र वित्तीय प्रगति प्रगति देखिने गरी प्रगति प्रतिवेदन तयार गरेको पाइएन ।  अतः वार्षिक कार्यक्रम अनुसार भौतिक र वित्तिय प्रगति देखिने प्रगति प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| २४. | **चौमासिक खर्च व्यवस्थापन –** स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम संचालन गर्न वजेट व्यवस्था भए मुताबिक सोही चौमासिकमा कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सो अनुसार कार्यक्रम संचालन गरी खर्च गर्न सकेको देखिएन । पूँजीगत कार्यक्रमतर्फ अधिकांश कार्यक्रम/योजना तेश्रो चौमासिकमा संचालन भई खर्च भएको देखिन्छ । पूजिँगततर्फ रु.५५२१३१७२।-  खर्च भएकोमा आषाढ महिनामा मात्ररु. ४ करोड ३५ लाख २४ हजार खर्च भई कूल पूँजीगत खर्चको ७८.८३ प्रतिशत खर्च भएको छ । अतः कार्यक्रम अनुसार तोकिएको चौमासिकमा कार्यक्रम संचालनहुनुपर्दछ । | |
| २५. | **सम्झौता अनुसार राजस्व संकलन नभएको** : गाउँपालिकाले आर्थिक वर्ष २०७४।७५ को लागि निम्न दुई ठेक्कापट्टाबाट रु. ७,०१,०००।०० संकलन गर्नेगरी २०७४।७।२६ मा सम्झौता गरेको थियो । सम्झौता अनुसार ठेकेदारबाट बुझाउनुपर्ने रकमभन्दा घटी रकम बुझाएको पाइयो । सम्झौता अनुसार कवोल रकम नबुझाउने ठेकेदारले सम्झौताको सर्त अनुसार विलम्व दस्तुर (हर्जना) समेत लगाई राजस्व असुल गर्नुपर्ने दखिएको रु. | २,४५,०००/- |

| ठेक्काको विवरण | ठेकेदारको नाम | कवोल रकम | असुली रकम | असुल हुन बाँकी |
|---|---|---|---|---|
| ढुंगा गिटी बालुवा ग्राभेल संकलन दस्तुर | शिशिर थकाली | ५०००००.०० | २५५०००.०० | २४५०००.०० |

| | | |
|---|---|---|
| २६. | **वातावरणीय प्रभाव मूल्यांकन –** ढुंगा गिटी वालुवा वाक्लो पातलो छपनी संकलन इजाजत दिनुपूर्व गाउँपालिकाले सम्बन्धित संस्थाबाट वातावरणमा पर्न सक्ने प्रभावको मूल्यांकन गर्न वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत गराउनु पर्दछ । उक्त वातावरणीय प्रभाव मूल्यांकनको आधारमा संकलन गर्न सक्ने क्षेत्रहरु पहिचान गरी खानीबा ढुंगा गिटी बालुवा पातलो ढुंगा संकलनको ठेक्का पट्टा गर्नुपर्ने, वातावरणमा पर्न सक्ने असरलाइ न्यूनिकरण गर्ने उद्देश्यले गरिने वातवरणीय प्रभाव मूल्यांकन नगर्नु उचित देखिएन । यस तर्फ गाउँपालिकाले ध्यान पुऱ्याउनु पर्ने देखियो । | |
| २७. | **मूल्य अभिवृद्धि कर असुल नभएको –**  ठेक्का पट्टा मार्फत ढुंगा गिटी वालुवाको संकलन दस्तुर असुल गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर समेत असुल गर्नुपर्नेमा मूल्य अभिवृद्धि कर असुल गरेको पाइएन । ऐन वमोजिम लाग्ने मूल्य अभिवृद्धि कर असुल गर्न गाँउपालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |
| २८. | **राजस्व लेखा, स्रेस्ता सम्बन्धमा –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२ मा राजस्व संकलन, दाखिला र राजस्व स्रेस्ता सम्बन्धमा उल्लेख छ । जस अनुसार राजस्व स्रेस्ता खडा गर्ने सम्बन्धमा नेपाल सरकारको सिफारिशमा महालेखापरीक्षबाट विभिन्न फाराम तथा खाताहरुको व्यवस्था भएका छन् । राजस्व आर्जन गर्ने हरेक निकायले उल्लेखित फारम तथा खाताहरुको प्रयोग गरी राजस्व स्रेस्ता अद्यावधिक गर्नुपर्दछ । कार्यालयले यस वर्ष मालपोत दस्तुर, पञ्जीकरण शुल्क, विभिन्न किसिमका सिफारिश समेतबाट रु. १० लाख १३ हजार राजस्व आर्जन गरेकोमा आम्दानी रसिद नियन्त्रण खाता, आम्दानी रसिदको प्रविष्टि गर्नका लागि प्रयोग गरिने दैनिक आम्दानी खाता (म.ले.प.फा.न.१०८), संकलित राजस्व बैंक दाखिला विवरण (म.ले.प.फा.न.१०८) लगायतका खाता तथा विवरण राखेको पाइएन । अतः उल्लेखित खाता तथा विवरण राखी राजस्व स्रेस्ता अद्यावधिक गरिनुपर्दछ । | |
| २९. | **परामर्श सेवा –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा लिन सकिने व्यवस्था छ । त्यस्तै | |

नियमावलीको नियम ७२(१) अनुसार परार्मदाताबाट लिखित रुपमा प्राविधिक वा आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने व्यवस्था छ । कार्यालयले यस वर्ष उपलव्ध जनशक्तिबाट काम हुन सक्ने नसक्ने विश्लेषण नगरी २ परार्मदाताबाट रु. २६,३२,१८४।५२ को परामर्श सेवा लिएको देखियो । उल्लेखित व्यहोरा अनुसार सेवा लिइ भुक्तानी दिँदा तोकिए अनुसारका प्रतिबेदन प्राप्त भए नभएको बिश्लेषण तथा अभिलेख जनाई राखेको देखिएन । तसर्थ कार्यालयले तयार गरेको टि. ओ. आर अनुसारको प्रतिबेदन प्राप्त भए नभएको बिश्लेषण गरी र अभिलेख व्यवस्थित गर्नु पर्ने देखिन्छ ।

| सि.नं. | कार्यक्रमको नाम | लागत अनुमान (रु) | खर्च रु. |
|---|---|---|---|
| १. | मिनी मुस्ताङको डि.पि. आर. तयार पार्ने कार्य | ४९८८९८.९६ | ४९५०५३.०० |
| २. | जोमसोम देखि जोमसोम भ्युटावर सम्मको रेलिङ सहितको बाटो निर्माणकोडि.पि. आर तयार पार्ने कार्य | ४९८८९८.९६ | ४९७२००.०० |
| ३. | घरपझोङ किल्ला संरक्षण डि.पि. आर तयार पार्ने कार्य | ४९८८९८.९६ | ४९७३१३.०० |
| ४. | लेफो निम्युयाड खा.पा. योजनाको डि.पि. आर तयार पार्ने कार्य | ४९९४६३.९६ | ४९८१०८.०० |
| ५. | मार्फा गाउँबस्ती  पछाडिको ढल निकास तथा वृक्षारोपणको डि.पि. आर तयार पार्ने कार्य | ३०००८७.६ | २९९४५०.०० |
| ६. | जोमसोम ठिनी ढुम्वा सडक डि.पि. आर तयार पार्ने कार्य | ३०२६५३.७३ | २९५११०.५२ |
| ७. | गाउँपालिकाको बस्तुगत विवरण तयार पार्ने कार्य | ५०००००.०० | ४९९५० |
| | **जम्मा** | | **२६३२१८४.५२** |

## सशर्त अनुदान – शिक्षा तर्फ

३०. **विद्यार्थी शिक्षक अनुपात :** विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा अधिकारीको सिफारिशमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने व्यवस्था छ । निर्देशिकाको बुंदा नं. १४ (१) मा विद्यालय समायोजन सम्वन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन तयारी गर्नु पर्ने व्यवस्था छ । यस जिल्लामा प्रति शिक्षक विद्यार्थी अनुपात १.२५ देखि १६.३५ भएका ८ विद्यालय रहेको देखिएको छ । ती ८ विद्यालयका ५२४ विद्यार्थीलाई अध्यापन गर्न ७० शिक्षकको तलव भत्ता वापत रु. ४२९६८७३६।६३खर्च गरेको छ । सो अनुसार प्रति विद्याथी शिक्षक तलव भत्ता र अन्यमा मात्र रु ८२००१।- खर्च भएको छ । यसबाट प्रति विद्यार्थी लागत बढ्न गएको छ । साथै भौगोलिक दुरी टाढा भएमा बाल विकास केन्द्र स्थापना गरी न्यून विद्यार्थी भएका विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखियो ।

## जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम

३१. **बढी भुक्तानी –** सामाजिक सुरक्षा कार्यविधि संचालन कार्यविधि (संशोधन सहित) २०७२ को दफा ५ अनुसार भत्ता पाउने जेष्ठ नागरिकको शुरु उमेर पुगेको पछिल्लो चौमासिक देखि गणना गर्नु पर्ने व्यवस्था छ । कार्यालयले देहायका लाभग्राहीहरुलाई निर्देशिकाको परिच्छेद ४ मा भएको व्यवस्था भन्दा फरक पारी रकम वितरण गरेको देखियो । निर्देशिका भन्दा फरक पारी बढी खर्च लेखेको रकम रु.३६,०००।०० असुल गरी संघीय संचितकोषमा दाखिला गर्नु पर्ने रु... ३६,०००।-

| सि.न. | लाभग्रीको नाम | ठेगाना वडा नं. | जन्म मिति | चौमासिक | भुक्तानी हुनु पर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | फूल माया थकाली | ५ | २००४।१२।३० | तृतिय | ० | १६००० | १६०००/- |
| २ | कृष्ण माया थापा | ४ | २००४।४।१९ | प्रथम | ० | ८००० | ८०००/- |
| ३ | बेल बहादुर थकाली | ५ | २००४।१०।१२ | प्रथम | ० | ८००० | ८०००/- |
| ४ | सुरेन्द्र कुमार हिराचन | २ | २००४।१०।१० | तृतिय | ८०००.०० | १२००० | ४०००/- |

| | | | | | | | | कूल जम्मा | ३६०००/- | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३२. | **लाभग्राही अभिलेखः** यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएको छ :– | | | | | | | | | |

(१) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा २२ बमोजिम र आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्य अनुसार सामाजिक सुरक्षा भत्ता रकम गाउँपालिकामा बैंक मार्फत वितरण गरिने उल्लेख छ । यो वर्ष गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनीय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ ।

(२) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाउँपालिका वा गाउँपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूची-५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोही प्रमाणका आधारमा वित्तीय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पूरा भएपछि वा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोझै सफ्टवेयर इन्ट्री गरेको, सम्बन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोझै गर्ने गरेको, अनुसूची-८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरी प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोझै हटाउने र थप्ने कार्य भएको, वित्तीय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तीय सूचना प्रणाली भरपर्दो र विश्वसनीय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ ।

(३) कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची-८(क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।

## सशर्त अनुदान - कृषि विकास कार्यक्रमतर्फ

३३. **कार्यक्रम संचालन नभएको :** गाउँपालिकाले कृषि क्षेत्रको विकासको लागि स्वीकृत गरेको वार्षिक कार्यक्रम अनुसार कार्यक्रम संचालन गरी लक्ष्य अनुसार अपेक्षित प्रगति हासिल गर्नुपर्दछ । गाउँपालिका वैठकले आवश्यकताको आधारमा निर्धारण गरेका निम्नानुसार कार्यक्रम संचालन गरेको पाइएन । स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालन नहुँदा गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा प्रभावकारीता नआउने हुँदा कार्यालयले तोकिएको कार्यक्रम अनुसारको काम समयमै गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | विवरण | स्वीकृत कार्यक्रम | बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | स्थलगत घुम्ती तालिम | ५ वटा | ६५०००.०० | - |
| २ | तरकारी खेती सम्बन्धी स्थलगत घुम्ती तालिम | १ पटक | २६०००.०० | - |
| ३ | कृषि प्रसार कार्यक्रम | | ५२०००.०० | |
| ४ | स्थलगत घुम्ती तालिम | | ५२०००.०० | |
| ५ | गाउँपालिका कृषि समन्वय समिति वैठक | | ६२०००.० | |
| ६ | कृषि सामाग्री तथा मल आपूर्ति | | ६१०००.०० | |

| | | | |
|---|---|---|---|
| | | व्यवस्थापन वितरण तथा अनुगमन समिति बैठक | | | | |
| | ७ | सार्वजनिक सुनुवाई कार्यक्रम | | ५००००.०० | | |
| ३४. | प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमबाट स्याउ ब्लक संचालन समिति मार्फाको नाममा ५० प्रतिशत अनुदानमा रु.२७,६१,२००।०० मूल्यका विभिन्न सामानहरु खरिद गरे वापत भुक्तानी गरेको पाइयो । स्याउ ब्लक मार्फलाई ५० प्रतिशत अनुदानमा विभिन्न सामान उपलव्ध गराएकोमा निम्न व्यहोराहरु देखियो : | |
| | (क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले रु.५,००,०००।०० भन्दा बढीको सामान खरिद गर्दा सिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सिलवन्दी दरभाउपत्र वेगर नै रु.६,६०,०००।०० मूल्यका पावर स्प्रेयर २० थान रु.१८,००,०००।०० मूल्यका मिनी टिलर समेत रु.२७,६१,२००।०० मूल्यका सामान खरिद गरेको छ । खरिद गरिएका उक्त सामानको लागत अनुमान, स्पेशिफिकेसन समेत निर्धारण नगरी खरिद भएकोले खरिद ऐन र नियमावलीको उल्लघन भएको पाइयो । यस प्रकारको कार्यले वित्तीय अनुसाशन पालना नहुने भएकोले यस प्रकारको कार्य नगर्ने गाउँपालिकाले ध्यान दिनुपर्ने देखियो । | |
| | (ख) ब्लकलाई अनुदानमा दिएका उक्त सामानहरु ब्लकले आम्दानी बाँधेको देखिएन । जिन्सीमा आम्दानी नबाँधेको उक्त सामानको सुरक्षाको व्यवस्था नहुने हुँदा जिन्सी आम्दानी बाँधी ब्लकका सदस्यहरुलाई आवश्यकता अनुसार भाडामा दिने व्यवस्था हुनुपर्ने देखिन्छ । | |
| | (ग) अनुदानमा ब्लकलाई उपलव्ध गराएको सामाग्रीहरु जिन्सी आम्दानी बाँधी ब्लकको स्टोरमा राख्नुपर्नेमा कृषकहरुलाई वितरण गरेको देखिएकोले प्रधानमन्त्री कृषि आधुनिकीकरणको उद्देश्य अनुरुप काम भएको देखिएन । | |
| | (घ) **अग्रिम कर घटी कट्टी** : खरिद भएका रु.२७,६१,२००।०० मूल्यका सामानको आयकर ऐन २०५८ को दफा ८८ वमोजिम १.५ प्रतिशतका दरले अग्रिम कर रु.४१,४१८।०० कट्टी गर्नुपर्नेमा रु.२१,०२४।०० मात्र असुल गरेकोले नपुग रकम रु.२०,३९४।०० असुल गरी दाखिला हुनुपर्ने रु... | २०,३९४/- |
| ३५. | कृषि प्रसार कार्यक्रम तर्फबाट ५० प्रतिशत अनुदान कृषकहरुलाई वितरण गर्न विभिन्न विक्रेताबाट खरिद भएका कृषि औजार उपकरणमा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम रु.२१,४८,५००।०० को रु.३२,२२७।५० अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्नेमा रु.२५,६२८।०० मात्र कट्टी गरी दाखिला भएकोले बाँकी कर रु.६,६००।०० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.......... | ६,६००/- |
| ३६. | स्याउको कार्ड बक्स कार्टुन छपाई गरे वापत प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमबाट ९८०० वटा रु.९,५७,९५०।०० मा र कृषि प्रसार कार्यक्रमबाट १०००० वटा कार्टुन छपाई गरे वापत गोसली ट्रेडिङ्ग पोखरालाई रु.११,२९,९८६।४० भुक्तानी गरेको देखियो । १९८०० स्याउका कार्टुन छपाई गरेवापत रु.२०,८७,९३६।४० भुक्तानी भएको छ । उक्त सामान खरिद गर्न लागत अनुमान स्वीकृत नभएको साथै सिलवन्दी बोलपत्र आव्हान नभएकोले खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ को मनसाय विपरित देखिन्छ । त्यस्तै खरिद भएको उक्त कार्टुन हरु सम्बन्धित कृषकहरुले प्राप्त गरेको कुनै भर्पाइ पेश नभएकोले उक्त कार्टुनको उपभोग सम्बन्धमा थप विश्लेषण गर्नुपर्ने देखियो । | |
| ३७. | **दोहारो भुक्तानी** : स्याउ ब्लकका कृषक समूहलाई प्रधानमन्त्री कृषि आधुनिकीकरणबाट अनुदान उपलव्ध भैसकेको अवस्थामा सोही ब्लक निर्माणमा कृषक समूहहरुलाई कृषि प्रसार बाट स्याउ विरुवा रोपेको विरुवा व्यवस्थापन अनुदान उपलव्ध गराउन मिल्दैन । एउटा कार्यक्रम बाट अनुदान उपलब्ध भैसकेको अवस्थामा अर्को कार्यक्रमबाट पनि अनुदान उपलव्ध हुँदा दोहारो खर्च हुने देखियो । यस सम्बन्धमा दोहोरो अनुदान भुक्तानी भै नेपाल सरकारलाई थप व्ययभार पारेकोले असुल गरी दाखिला गर्नुपर्ने रु..... | |
| | **कृषक समूहको नाम** \| **रकम** | २,८९,२००/- |

| | |
|---|---|
| मार्फा कृषक समूह, थाक मार्फा | १०९२००.०० |
| मार्फा कृषक समूह, थाक मार्फा | १०००००.०० |
| मिलिजुली मितेरी सहकारी संस्था लिमिटेड | ८००००.०० |
| **जम्मा** | **२८९,२००.००** |

३८. गाउँपालिकाले मेशिन औजार शिर्षकबाट महिन्द्रा स्कोरपियो पिकअप DC 4WD रु. ३९,७६,५५६।०० मा बतास ब्रदर्श प्रालि पोखराबाट खरिद गरेको पाइयो । सिलवन्दी वोलपत्र मार्फत खरिद भएको उक्त जिप सवारी साधन शिर्षकबाट खरिद गर्नुपर्नेमा मेशिन औजार शिर्षकबाट खरिद भएको छ । गाउँ पालिकाले खरिद गरेको उक्त सवारी साधन अर्थ मन्त्रालयबाट खरिद स्वीकृत लिएको देखिएन । आफ्नो आन्तरिक आयले नभ्याउने अवस्थामा सवारी साधन खरिद नगर्ने निर्देशन अर्थ मन्त्रालले दिएतापनि गाउँपालिकाले खरिद गरेको पाइयो ।

## सशर्त अनुदान - स्वास्थ्य तर्फ

३९. **कार्यक्रम संचालन तथा सेवा प्रभाव :** गाउँपालिकाले स्वास्थ्य सेवाका लागि स्वीकृत गरेको वार्षिक कार्यक्रम अनुसार कार्यक्रम संचालन गरी लक्ष्य अनुसार अपेक्षित प्रगति हासिल गर्नुपर्दछ । गाउँपालिका वैठकले आवश्यकताको आधारमा निर्धारण गरेका निम्नानुसार कार्यक्रम संचालन गरेको पाइएन । स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालन नहुँदा गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा प्रभावकारीता नआउने हुँदा कार्यलयले तोकिएको कार्यक्रम अनुसारको काम समयमै गर्नुपर्ने देखिन्छ ।

| सि. नं | विवरण | बजेट |
|---|---|---|
| १ | दुर्गम जिल्लामा टेलिमेडिसिन कार्यक्रम सञ्चालन | २०००००.०० |
| २ | नियमित खोपका कभरेज बढाउन र ड्रपआउट घटाउन डाटा भेरिफिकेशन | १४०००.०० |
| ३ | स्वास्थ्य सन्देश प्रसारण | २००००.०० |
| ४ | लामो अवधीको जन्मान्तरका लागि सेटलाइट सेवा | ८२०००.०० |
| ५ | सुरक्षित प्रसूति सेवाका लागि EOC Monitoring | ३००००.०० |
| ६ | पोषणसम्बन्धी कार्यक्रम | ३५०००.०० |

४०. **मू.अ.कर भुक्तानीको जानकारी** : मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क बमोजिम ठेक्का दिने सरकारी निकायले आफूले गरेको ठेक्का संभौताको भुक्तानी गर्दा करको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । कार्यालयबाट निम्न बमोजिमका आपूर्तिकर्ता तथा निर्माण व्यवसायीलाई रु. ६,०९,७७६.०० भुक्तानी हुदाँ मू.अ.कर वापत रु.७९,२७०.९५ भूक्तानी भएकोमा मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई दिएको देखिएन । नियमावलीको व्यवस्था बमोजिम मू.अ..कर भुक्तानी नदिदाँ दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएको हुंदा रु.७९,२७०.९५ को कर समायोजन पत्र पेश गर्नु पर्दछ ।

| कार्यक्रम | गो.भौ.नं. /मिति | आपूतिकर्ताको नाम | कामको विवरण | वीजक नं. र मिति | विल रकम रु. | भ्याट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **अस्पताल सुदृढीकरण कार्यक्रम** | ६४-७५।३।३१ | दिनेश निमार्ण सेवा | जिल्ला अस्पताल, मुस्ताङ्गको स्टाफ क्वाटर मर्मत | ००२-०७५।३। | ३०२०७७.०० | ३९२७०.०० | Non-Filer since 2075/M/3 |
| | ५८-७५।३।२४ | मुक्ति कन्स्ट्रक्सन | जिल्ला अस्पताल, मुस्ताङ्ग फार्मेशी संचालन तथा मर्मत | ००५-०७५।३।२३ | ३०७६९९.०० | ४००००.९५ | Non- Filer since 2075/M/3 |
| **जम्मा** | | | | | **६०९७७६.००** | **७९२७०.९५** | |

४१. **अभिलेख व्यवस्थापन :** स्थानीय तहमा स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन, २०७४।७५ मा स्थानीय तहबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखि प्रतिवेदन पेश

| | | |
|---|---|---|
| | गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले यस वर्ष सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथा प्रतिवेदन पूर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्नुका साथै अभिलेख व्यवस्थापन गर्नमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **वित्तीय समानीकरण अनुदान (चालू खर्च) तर्फ** | |
| ४२. | **स्थानीय तहका पदाधिकारीको तलब भत्ता** : स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष तलव भत्ता वापत आषाढ महिनामा १२ महिना को तलव भत्ता तथा चाडवाडबाड खर्च एकमुष्ट लेखेको पाइयो । स्थानीय तहका निर्वाचित प्रतिनिधिहरुलाई तलव भत्ता तथा अन्य सुविधा प्रदेश नं ४ को प्रदेश कानुन अनुसार २०७४ श्रावण देखिनै उपलब्ध गराउने उल्लेख भए मुताविक रकम भुक्तानी भएता पनि प्रदेश कानुन २०७५ वैशाख २४ देखि राजपत्रमा प्रकाशित भएको पाइयो । राजपत्रमा सूचना प्रकाशित मिति भन्दा अगावै देखि लागु हुने गरी कानुन तर्जुमा गरी रकम खर्च लेख्न आदेश दिनु उचित देखिएन । | |
| ४३. | **प्रगति विवरण –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था भएकोमा न्यू निलगिरी बहुउद्देश्यीय सहकारी संस्थालाई कार्यक्रम अनुदान सम्झौता गरी रु. २,५०,०००।०० भुक्तानी भएको छ । उक्त संस्थाले के कस्तो कार्यक्रम संचालन गरी के कस्तो उपलब्धि हासिल भयो त्यसको प्रगति विवरण प्राप्त भएको पाइएन । | |
| | **वित्तीय समानीकरण अनुदान–पूँजीगत तर्फ** | |
| ४४. | **नर्म्स फरक पारी बढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारको स्वीकृत नर्म्स अनुसार १:२:४ अनुपातको ढलान (PCC 1:2:4) गर्ने कार्यको लागि अदक्ष कामदार ४ म्यानडेज लाग्ने उल्लेख भएकोमा कार्यालयले विभिन्न संरचना निर्माण गर्ने कार्यको लागत अनुमान तयार गर्दा उक्त आइटमको दर विश्लेषणमा ७ म्यानडेज राखेको पाइयो । जसको कारणबाट प्रति घन मीटर पि.सि.सी. कार्यको लागि अदक्ष कामदारको प्रति म्यानडेज ५७५।- दरले ३ म्यान डेजको रु. १७२५।- थप लागत समावेश गरी लागत अनुमान स्वीकृत भएको छ । सोही लागत अनुमान दर अनुसार नै विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी भुक्तानी भएको हुँदा देहायका कार्यमा निम्नानुसार रु. २,९४,१३५/- बढी भुक्तानी हुन गएको देखिएकोले उक्त रकम असूल हुनुपर्ने रु. | २,९४,१३५/- |

| भौ.नं./मिति | योजनाको नाम | पि.सि.सी. को कार्य परिमाण (घ.मी.) | प्रति घ.मी. थप लागत | बढी भुक्तानी |
|---|---|---|---|---|
| ७-०७४/९/२० | कुटानी, पिसानी मिल, स्याङ्के | १४.५८ | १७२५/- | २५,१५१/- |
| ३९-०७५/३/०५ | ठिनी गाउँमा खेल मैदान र बाल उद्यान | १४.७६ | १७२५/- | २५,४६१/- |
| ४८-०७५/३/२९ | जूस फ्याक्ट्रीमा छाना, मार्फा | ८.३१ | १७२५/- | १४,३३५/ |
| ४९-०७५/३/२९ | छैरो दलित भवन | ७.५२ | १७२५/- | १२,९७५/- |
| ५०-०७५/३/२९ | जोमसोम-ठिनी खेतबारी संरक्षण | ३२.४६ | १७२५/- | ५५,९९४/- |
| ५८-०७५/३/३१ | जनहित मा.वि.मा बाल उद्यान | ३.१७ | १७२५/- | २१७५/- |
| ५८-०७५/३/३१ | फोहोरमैला संकलन केन्द्र, जोमसोम | ५.९६ | १७२५/- | १०,२८१/- |
| ५८-०७५/३/३१ | भोतोघाङ्ग ग्रिल वे निर्माण | १६.८४ | १७२५/- | २९,०४९/- |
| ६०-०७५/३/३१ | वैकल्पिक पदमार्ग निर्माण, चिबाङ्ग | २५.४१ | १७२५/- | ४३,८३२/- |
| ६१-०७५/३/३१ | ढुम्बा ताल संरक्षण | ६.३४ | १७२५/- | १०,९३७/- |
| ६२-०७५/३/३१ | एयरपोर्ट समाजघरमा सार्वजनिक शौचालय | १०.७२ | १७२५/- | १८,४९२/- |

| | | | | | |
|---|---|---|---|---|---|
| ६३-०७५/३/३१ | जोमसोम पार्क निर्माण | ६.५७ | १७२५/- | ११,३३३/- | |
| ६३-०७५/३/३१ | बधशाला निर्माण, जोमसोम | ५.१७ | १७२५/- | ८,९१८/- | |
| १२२-०७५/३/३१ (चालु तर्फ) | ताजा तरकारी/फलफूल संकलन केन्द्र | १४.६१ | १७२५/- | २५,२०२/- | |
| | | | **जम्मा** | **२,९४,१३५/-** | |

५३.१ सिमेण्ट कंक्रिट ढलान कार्यमा प्रयोग हुने रोडा (एग्रिगेट्स) को लागत दर निर्धारण गर्दा क्वारी साइटमा स्वीकृत जिल्ला दर अनुसारको रकम प्रति घ.मी. रु. १६००। राखी निर्माण स्थलसम्म १ कि.मी. हेड लोड ढुवानी लागत वापत २.९० अदक्ष कामदार (म्यानडेज)को लागत थप गरेकोमा स्वीकृत जिल्ला दर अनुसार अदक्ष कामदारको दर प्रति दिन रु. ५७५। रहेकोमा रु. ७००। राखी दर विश्लेषण गरेको पाइयो । जसको कारणबाट प्रति घ.मी. पि.सि.सी. कार्यमा रु. ३६२।५० थप लागत समावेश भई निम्नलिखित योजनासँग सम्बन्धित उपभोक्ता समितिलाई रु. १७९,४२९/- बढी भुक्तानी हुन गएको देखिएकोले उक्त रकम असूल हुनुपर्ने रु. १७९,०४३/-

| भौ.नं./मिति | योजनाको नाम | पि.सि.सी. को कार्य परिमाण (घ.मी.) | नर्म्स अनुसार प्रति घ.मी. मा लाग्ने रोडा | रोडाको जम्मा परिमाण | प्रति घ.मी. थप लागत | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ६५-०७५/३/३१ | ५ नं. वडा कार्यालय भवन | १०९.७७ | ०.८६० | ९४.४० | ३६२/५० | ३४२२१/- |
| ४९-०७५/३/२९ | १ नं. वडा कार्यालय भवन | १११.८५ | ०.८६० | ९६.१९ | ३६२/५० | ३४८६९/- |
| ५९-०७५/३/३१ | ३ नं. वडा कार्यालय भवन | १११.८५ | ०.८६० | ९६.१९ | ३६२/५० | ३४८६९/- |
| ६४-०७५/३/३१ | हट रुम निर्माण (गा.पा. हाता) | ४७.८३ | ०.८६० | ४१.१३ | ३६२/५० | १४९११/- |
| ६०-०७५/३/३१ | वैकल्पिक पदमार्ग निर्माण, चिबाङ | २५.४१ | ०.८६० | २१.८५ | ३६२/५० | ७९२२/- |
| ५९-०७५/३/३१ | भलपानी नियन्त्रण, स्याङ | १४.७० | ०.८६० | १२.६४ | ३६२/५० | ४५८३/- |
| ५९-०७५/३/३१ | भोतोघाङ्ग ग्रिल वे क. वाल निर्माण | १६.८४ | ०.८६० | १४.८४ | ३६२/५० | ५२४९/- |
| ५४-०७५/३/३० | आमा समूह भवन, मार्फा | १४.८१ | ०.८६० | १२.७४ | ३६२/५० | ४६१७/- |
| ५०-०७५/३/२९ | जोमसोम-ठिनी खेतबारी संरक्षण | ३२.४६ | ०.८६० | २७.९२ | ३६२/५० | १०११९/- |
| ३१-०७५/२/२८ | छैरो सिंचाइ कुलो | २२.५ | ०.८६० | १९.३५ | ३६२/५० | ७०१४/- |
| २८-०७५/२/२८ | जनहित मा.वि.मा ३ कोठे भवन | २०.२८ | ०.८६० | १७.४४ | ३६२/५० | ६३२२/- |
| ०१-०७४/६/०१ | पशु बधशाला, जोमसोम | १४.४८ | ०.८६० | १२.४५ | ३६२/५० | ४५१४/- |
| **चालु अनुदान तर्फ** | | | | | | - |
| ११७- | स्याउ बगैँचा संरक्षण, | १०.३३ | ०.८६० | ८.८८ | ३६२/५० | ३२२०/- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७५/३/३० | चिमाङ्ग | | | | | |
| | ११८-०७५/३/३० | सिंचाइ कुलो, धबाङ्ग | ६.६ | ०.८६० | ५.६८ | ३६२/५० | २०५८/- |
| | १२२-०७५/३/३१ | ताजा, तरकारी फलफूल संकलन केन्द्र, ठिनी | १४.६१ | ०.८६० | १२.५६ | ३६२/५० | ४५५५/- |
| | | | | | | **जम्मा** | **१७९,०४३/-** |

| | | |
|---|---|---|
| ४५. | **निर्माण सामग्रीको ढुवानी लागत –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा मितव्ययी हुने गरी तयार गर्नुपर्दछ । कार्यालयले ढुंगा, गिट्टी, बालुवा लगायतका स्थानीय सामग्री प्रयोग हुने आइटमहरुको लागत अनुमान तयार गर्दा त्यस्ता सामग्री क्वारी साइट (खोला) बाट संकलन गरी १ कि.मी. सम्म मान्छेद्वारा बोक्ने (हेड लोड) को ढुवानी लागत समावेश गरेको पाइयो । निर्माण स्थल तथा योजना विशेषको क्वारी साइट अनुसारको दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्नेमा सबै योजनाको लागि उक्त दुरीको ढुवानी लागत समावेश गरी लागत अनुमान तयार तयार गरेको मनासिब देखिँदैन । खोलाकै छेउमा भएका तटबन्ध निर्माण, सडक संरक्षण लगायतका कार्यमा पनि माथि उल्लेख भए अनुसार उक्त कार्यमा प्रयोग हुने ढुंगामा समेत ढुवानी लागत समावेश गरी लागत अनुमान तयार गरको कारणबाट लेखापरीक्षणमा छनौट गरिएका निम्न लिखित योजनामा रु. ३,०३,२९८/- थप लागत समावेश भएको छ :– | |

| भौ.नं./मिति | योजनाको नाम | ढुंगाको परिमाण (घ.मी.) | दर विश्लेषणमा राखेको ढुवानी लागत ( प्रतिघ.मी.) | जम्मा थप लागत |
|---|---|---|---|---|
| ५७/०७५-३-३१ | कालीगण्डकी तटबन्ध निर्माण | ५६.०० | १८९७/५० | २०६२६०/- |
| ५९/०७५-३-३१ | भलपानी नियन्त्रण, स्याङ्ग | ५१.१४ | १८९७/५० | ९७०३८/- |
| | | | **जम्मा** | **३,०३,२९८/-** |

| | | |
|---|---|---|
| ४६. | **बढी दरबाट भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० र नियम १४८ अनुसार स्वीकृत नर्म्स तथा जिल्ला दर अनुसार लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई भुक्तानी दिँदा सोही दरको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :– | |
| ४७. | Soft Rock Cutting कार्यको स्वीकृत जिल्ला दर प्रति घ.मी. रु. २७५।- रहेकोमा धवाङ-याकखर्क मोटरबाटो निर्माण उपभोक्ता समितिलाई भौ.नं. ५७-०७५।३।३१ बाट ४९७.२१ घ.मी. Soft Rock Cutting को भुक्तानी दिँदा रु. १६००।- (हार्ड रक कटिङ्को दर) दरले भुक्तानी दिएको कारण प्रति घ.मी. रु. १३३५।- का दरले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | ६५८,८०३/- |
| ४८. | PCC (1:2:4) कार्यको प्रति घ.मी. दर रु. १६१२४।५६ रहेकोमा मार्फा आमा समूहको किचेन र स्टोर निर्माण वापत उपभोक्ता समितिलाई भौ.नं. ५४-०७५।३।३० बाट भुक्तानी दिँदा रु. २४,६२२।३३ का दरले भुक्तानी दिएको कारण प्रति घ.मी. रु. ८४९७।७७ का दरले १३.३३ घ.मी. को बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | ११३,२७५/- |
| ४९. | भौ.नं. २६-०७५।२।११ बाट घरपझोङ-४ मा सिंचाइ कुलो मर्मत वापत उपभोक्ता समितिलाई रु. २८५,०००।- भुक्तानी गरेकोमा निम्न आइटममा स्वीकृत दरभन्दा बढी दरबाट भुक्तानी गरी रु. १४,७६७।- बढी भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. | १४,७६७/- |

| आइटम नं. | विवरण | एकाई | परिमाण | स्वीकृत दर | भुक्तानी दर | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | PCC (1:2:4) | Cu.m. | १०.४० | १६,१२४/५६ | २५२४९/५३ | ९२८५/- |
| 2 | Reinforcement | Kg | ८८० | ११२/८९ | ११९/१२ | ५४८२/- |
| | | | | | **जम्मा** | **१४,७६७/-** |

५०. **निर्माण कार्य अधुरो –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी निर्धारित अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित कारण खुलाई ७ दिन अगावै निवेदन दिनुपर्ने व्यवस्था छ । कार्यालयले यसै आ.व. मा समाप्त गर्ने गरी विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरिएका निम्नलिखित १४ योजनाको निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न नभै अधुरो रहेको पाइयो । यसरी समयभित्र निर्माण कार्य सम्पन्न नभए तापनि खरिद नियमावलीको व्यवस्था अनुसार म्याद थप भएको देखिएन । अतः त्यस्ता अधुरा निर्माण कार्य सार्वजनिक खरिद ऐन, नियमानुसार आवश्यक कारवाही गरी सम्पन्न गराउनुपर्दछ ।

| सि.नं. | योजनाको नाम | सम्झौता मिति | कार्य सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम (गा.पा.ले व्यहोर्ने रकम) | कार्य सम्पन्न रकम |
|---|---|---|---|---|---|
| १. | वडा नं. १ को कार्यालय भवन | २०७४/१२/२४ | २०७५/३/१५ | ४०,००,०००/- | ३१४२०००/- |
| २. | वडा नं. ५ को कार्यालय भवन | २०७४/१२/१२ | २०७५/३/१५ | ४०,००,०००/- | ३२०००००/- |
| ३. | वडा नं. ३ को कार्यालय भवन | २०७४/१२/३० | २०७५/३/१५ | ४०,००,०००/- | १८०००००/- |
| ४. | जोमसोम ठिनी खेतबारी संरक्षण | २०७४/१२/१८ | २०७५/३/२० | २५,००,०००/- | २१७५०००/- |
| ५. | भोतोघाङ्ग ग्रिल वे क. वाल निर्माण | २०७४/१२/२७ | २०७५/३/१५ | २०,००,०००/- | १२०००००/- |
| ६. | गुफा जाने बाटो | २०७४/१२/२५ | २०७५/३/१५ | ४७५०००/- | ४०००००/- |
| ७. | पुथाङ्ग पार्किङ्ग स्थल | २०७४/१२/२५ | २०७५/३/१५ | १८,००,०००/- | १२०००००/- |
| ८. | भलपानी निकास/नियन्त्रण, स्याङ्ग | २०७४/१२/१८ | २०७५/३/१५ | १५,००,०००/- | १२०००००/- |
| ९. | ठिनी गाउँमा खेल मैदान | २०७४/१२/२७ | २०७५/३/१५ | १५,००,०००/- | १४०००००/- |
| १०. | एयरपोर्ट भवन मर्मत | २०७४/१२/२५ | २०७५/३/१५ | ४७५,०००/- | ३५०,०००/- |
| ११. | एयरपोर्ट समाजघरमा शौचालय | २०७४/१२/२५ | २०७५/३/१५ | ९५०,०००/- | ९००,०००/- |
| १२. | जोमसोम पार्क निर्माण | २०७५/२/१५ | २०७५/३/१५ | २० ,००,०००/- | ७००,०००/- |
| १३. | गाउँपालिका भवनमा हट रुम निर्माण | २०७५/२/२७ | २०७५/३/१५ | १५,००,०००/- | १००००००/- |
| १४. | ढुम्बा सिंचाइ योजना | २०७४/१२/२८ | २०७५/३/१५ | १०,००,०००/- | ४००,०००/- |

५१. **निर्माण कार्यको गुणस्तर –** गाउँ कार्यपालिकाबाट पारित उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

५२. **जटिल संरचना निर्माण सम्बन्धमा :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, पार्क निर्माण, ग्रामीण विद्युतीकरण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

५३. **माटो र चट्टान काट्ने कार्यको अनुपात –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (Soil & Rock cutting Ratio) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधार लिएर गर्नुपर्दछ । कार्यालयले उक्त आधारहरु बेगरै स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण गर्ने गरेको पाइयो । कार्यालयबाट सञ्चालित मोटरबाटो योजनाहरुको भुक्तानीको स्रेस्ता परीक्षण गर्दा माटो र चट्टानको अनुपात १० देखि ४० प्रतिशतसम्म राखेको पाइयो । यसका केही उदाहरण देहाय अनुसार छन् :-

| भौ.नं./मिति | योजनाको नाम | रोड वे एक्साभेशनको कूल परिमाण (घ.मी.) | स्वाइल कटिङ्ग | | रक कटिङ्ग | | रक कटिङ्ग प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण (घ.मी.) | दर रु. | परिमाण (घ.मी.) | दर रु. | |
| ५५-०७५/३/३० | जोमसोम–ठिनी–ढुम्बा सडक स्तरोन्नति | ९५३४.२० | ७६२७.३६ | १९२.५० | १९०६.८४ | १९२.५० | २० |
| ५७-०७५/३/३१ | धवाङ–याकखर्क सडक निर्माण | ३३५८.७४ | ३०६१.५३ | ११०/- | ४९७.२१ | १६०० | १३.९७ |
| ४९-०७५/३/२९ | छैरो–चिमाङ मोटर बाटो निर्माण | ६२७६.६३ | ३७६५.७७ | ११०/- | १८८२.८८८ | २७५ | ४० |
| | | | | | ६२७.६३ | ६०० | |

५४. **क्रस सेक्सन ड्रइङ्ग नराखेको –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । सडक निर्माण योजनाहरुमा रोड वे एक्साभेशनको क्रस सेक्सन एरिया र चेनेज लेन्थको आधारमा एक्साभेशन परिमाण निर्धारण गर्दा क्रस सेक्सन ड्रइङ्गको आधारमा गर्नुपर्नेमा कार्यालयले सो बेगरै एक्साभेशन परिमाण निर्धारण गर्ने गरेको पाइयो । यसका केही उदाहरण देहाय अनुसार छन् :-

| भौ.नं./मिति | योजनाको नाम | रोड वे एक्साभेशन परिमाण (घ.मी.) | भुक्तानी रकम |
|---|---|---|---|
| ५५-०७५/३/३० | जोमसोम–ठिनी–ढुम्बा सडक स्तरोन्नति | ९५३४.२० | २७,००,०००/- |
| ५७-०७५/३/३१ | धवाङ–याकखर्क सडक निर्माण | ३३५८.७४ | १०,००,०००/- |
| ४९-०७५/३/२९ | छैरो–चिमाङ मोटर बाटो निर्माण | ६२७६.६३ | १६,००,०००/- |

अतः विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधारमा मात्र स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण हुनुर्पछ ।

५५. **अनुत्पादक क्षेत्रमा लगानी –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले सामुदायिक भवन, क्लब भवन, खेलकुद मैदान जस्ता योजनाहरु अधिक संख्यामा समेत छनौट गरी खर्च गरेको पाइयो । कार्यालयले यस वर्ष छनौट गरेका १३ वटा पूर्वाधार योजनामध्ये

निम्नलिखत १२ वटा त्यस्ता अनुत्पादक क्षेत्रका योजनामा देहाय अनुसार रु. १ करोड १ लाख खर्च भएको छ :–

| सि.नं. | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १. | दलित आमा समूहको बसाइ व्यवस्थापन, वडा नं. २ | ५०,००० |
| २. | तारा खेल मैदान निर्माण, वडा नं. २ | १०००,००० |
| ३. | मार्फा आमा समूह भवन किचेन, स्टोर निर्माण | ५००,००० |
| ४. | स्वागत गेट निर्माण, मार्फा | १०००,००० |
| ५. | तारा खेल मैदान निर्माण, वडा नं. ३ | १०००,००० |
| ६. | पुथाङ्ग सामुदायिक भवनमा शौचालय निर्माण | १०००,००० |
| ७. | ठिनी गाउँमा खेल मैदान तथा बाल उद्यान निर्माण | १५००,००० |
| ८. | दलित समूह भवन निर्माण, छैरो | १०००,००० |
| ९. | खेल मैदान निर्माण, वडा नं. २ | १०००,००० |
| १०. | चिमाङ्ग दलित भवनमा फर्निचर | ५०,००० |
| ११. | दलित भवनमा हट रुम निर्माण, वडा नं. ४ | ५००,००० |
| १२. | पुरानो तारा खेल मैदान, वडा नं. २ | ५००,००० |
| १३. | खेल मैदान प्यारापिट, जनहित मा.वि. | १०००,००० |
| | **जम्मा** | **१,०१,००,०००/-** |

अतः स्थानीय सरकार सञ्चालन ऐन व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गरिनुपर्दछ ।

५६. **नन फाइलर –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मू.अ.कर रकम तथा सो को विवरण स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ । कार्यालयले देहायका फर्मलाई मूल्य अभिवृद्धि कर वापत भुक्तानी गरेकोमा आन्तरिक राजस्व विभागको वेब साइटबाट स्थायी लेखा नम्बर (PAN) सर्च गर्दा उक्त फर्महरु नन फाइलर रहेको (मू.अ.कर विवरण दाखिला नगरेको) देखिएकोले निम्नानुसार रु. ९७,५००/- मूल्य अभिवृद्धि कर रकम समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ । ९७,५००/-

| गो.भौ.न./मिति | कार्य विवरण | फर्मको नाम | स्थायी लेखा नम्बर | मूल्य अभिवृद्धि कर रकम |
|---|---|---|---|---|
| ५९-०७५/३/३१ | जे.सि.बी.बाट माटो फिलिङ्ग | सन्त निर्माण सेवा | ३०२९४०३५८ | ९४,१८५/- |
| ६३-०७५/३/३१ | बधशाला निर्माण | मुस्ताङ्ग हार्डवेयर, जोमसोम | ३०२४८७४६२ | ३,३१५/- |
| | | | **जम्मा** | **९७,५००/-** |

५७. **ठिनी–ढुम्बा सडक स्तरोन्नति** कार्यका निर्माण उपभोक्ता समितिलाई भौ.नं. ५५-०७५।३।३० बाट चेनेज २+७०० देखि ३+१२० सम्मको रोड वे एक्साभेशन वापत रु. २७ लाख भुक्तानी दिएकोमा निम्न व्यहोरा देखियो :-

६६.१ **डि.पि.आर.मा उल्लेख भएभन्दा बढी चट्टान कटिङ्गको भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (Soil & Rock cutting Ratio) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधार लिएर गर्नुपर्दछ । ठिनी–ढुम्बा सडक स्तरोन्नति कार्यको डि.पि.आर. मिति २०७५।२।२० मा प्राप्त भई उक्त कार्य गराउन उपभोक्ता समितिसँग मिति २०७५।२।१४ मा सम्झौता भएको देखिन्छ । उक्त प्रतिवेदन अनुसार उक्त सडक खण्डमा हार्ड स्वाइल ८० प्रतिशत, सफ्ट रक १५ प्रतिशत र हार्ड रक ५ प्रतिशत रहेको देखिन्छ । तर उक्त सडक निर्माण कार्यको भुक्तानी गर्दा हार्ड

स्वाइल र सफ्ट रकको अनुपात ५०/५० प्रतिशत राखी रोड वे एक्साभेशन क्वाण्टिटी निर्धारण गरेको पाइयो । डि.पि.आर. र निर्माण कार्य सँगसँगै भएकोमा यसरी भौगर्भिक अवस्थामा अस्वाभाविक परिवर्तन आउने अवस्था देखिँदैन । निर्माण कार्य हुने वेलामै प्राप्त डि.पि.आर. भन्दा फरक हुने गरी चट्टान र माटो कटिङ्को अनुपात फरक पारी भुक्तानी दिएको मनासिब देखिएन । यसरी अनुपात फरक पारी भुक्तानी दिएको कारण यस सडक योजना उक्त खण्डको कार्यमा रु. ४,७१,९४३।- थप व्ययभार पर्न गएको रु.

| जम्मा एक्साभेशन परिमाण | स्वीकृत जिल्ला दर र डि.पि.आर. अनुसार हुने दर | | | | जिल्ला दर र डि.पि.आर. अनुसार हुने औसर दर (प्रति घ.मी.) | भुक्तानी भएको दर | फरक दर | फरक रकम |
|---|---|---|---|---|---|---|---|---|
| | हार्ड स्वाइल दर | ८०% | सफ्ट रकको दर | २०% | | | | |
| ९५३४.२० | ११०/- | ८८/- | २७५/- | ५५/- | १४३/- | १९२/५० | ४९/५० | ४७१,९७३/- |

६६.२ **बढी परिमाणको भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । स्वीकृत डि.पि.आर. अनुसार उक्त सडकको २+७०० देखि ३+१२० सम्मको कूल एक्साभेशन परिमाण ७००३.५० घ.मी. रहेकोमा नापी किताबमा ९५३४.२०घ.मी.को भुक्तानी भएको पाइयो । यसरी हालसालै प्राप्त डि.पि.आर.भन्दा २५३०.७० घ.मी. बढी परिमाण गणना गरी भुक्तानी हुनुको कारण तथा आधार पेश हुनुपर्ने देखिएको रु.. ४८७,१६०/-

६६.३ **बढी परिमाणको भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । उपभोक्ता समितिबाट पेश भएको बिल, बिजक अनुसार २*१*१ साइजको ग्याबियन बक्स २० वटा र ३*१*१ साइजको ग्याबियन बक्स ३० वटा समेत गरी जम्मा १३० घ.मी. ग्याबियन बक्स फिलिङ्गको कार्य भएको देखिएकोमा ठेक्का बिलमा २१० घ.मी.को भुक्तानी गरेको पाइयो । यसरी ८० घ.मी. बढी ग्याबियन वर्क्सको प्रति घ.मी. रु. ३०१७५८ का दरले भुक्तानी भएको सम्बन्धमा यकिन गरी असूल हुनपर्ने रु.. २४१,४०६/-

५८. **वित्तीय जवाफदेहिता मूल्याङ्कन :** कार्यालयले बिभिन्न ऐन कानुन एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "B" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।

५९. **बेरुजू -** यस गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. २९ लाख १० हजार, र प्रमाण कागजात पेश नभएको बेरुजू ३५ लाख ३१ हजार समेत रु. ६४ लाख ७१ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भई रु. ३८ लाख ७३ हजार फछ्र्यौट भई रु. २५ लाख ९८ हजार बेरुजू कायम भएको छ ।

६०. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :-

(रु. हजारमा)

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ३३३ | ० | ३३३ |

६१. **अद्यावधिक बेरुजू स्थिति :** घरपझोङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :-

(रु. हजारमा)

| | गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) | |
|---|---|---|---|---|---|
| | ३३३ | ० | २५९८ | २९३१ | |

**अनुसूची– १**

## घरपझोङ गाउँपालिकाको यो वर्षको बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४/७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | **मुस्ताङ** | **घरपझोङ गाउँपालिका** | ३१ | १९ | ६४७१ | १ | ९ | ३८७३ | ३० | १० | २५९८ | २५०१ | ० | ९७ | | | ९७ | | | ० |
| | | | | | | | | | | | | | | | | | | | | |

**अनुसूची- २**

## स्थानीय तह सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७४/७५

**प्रदेश नम्बर :- ४ (गण्डकी)**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | **जम्मा आय** | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | **घरपझोङ गाउँपालिका** | **मुस्ताङ** | ७०४८ | १००००० | ७४३७९ | २०७६० | **१९५१३९** | १३७२५३ | २८३०४ | १७९०४ | **१८३४६१** | ११६७८ |
| | | | | | | | | | | | | |